# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, मंसिर २३ गते, २०७६ साल (अतिरिक्ताङ्क ३०

## भाग २

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## भौतिक पूर्वाधार विकास मन्त्रालयको

## सूचना

**प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि)**

**(पहिलो संशोधन) नियमावली, २०७६**

प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियामावलीको नाम "प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ८ मा संशोधनः** प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६, (यस पछि "मूल नियमावली" भनिएको) को उपनियम (१) को खण्ड (झ) पछि देहायको खण्ड (झ१.) थपिएको छः-

"(झ१.) अपाङ्गता भएका व्यक्तिको हित प्रवर्द्धन हुने आयोजना,"

३. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को,-

(क) उपनियम (२) मा हुने भन्ने शब्द पछि “मन्त्रालय र” भन्ने शब्दहरु थपिएका छन् ।

(ख) उपनियम (४) मा “भएका” भन्ने शब्दको सट्टा “नभएका” भन्ने शब्द राखिएको छ ।

(ग) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) यस नियमावली बमोजिम आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकमको

कम्तीमा दुई तिहाइ रकमबाट न्यूनतम पचास लाख रूपैयाँ लागत अनुमान भएका आयोजना र बाँकी रकमबाट न्यूनतम दस लाख रूपैयाँ लागत अनुमान भएका आयोजना छनौट गर्नु पर्नेछ।"

(घ) मूल नियमावलीको उपनियम (११) पछि देहायको उपनियम (१२) थपिएको छः-

"(१२) यस नियमावली बमोजिम आयोजना छनौट गर्दा निर्वाचन आचार संहिताको कारणले ढीला भएमा सम्बन्धित निर्वाचन क्षेत्रमा आचार संहिता सकिएको मितिले प्रन्ध्र दिन भित्र र उप-निर्वाचन भएको क्षेत्रमा आयोजना छनौट गर्दा उप-निर्वाचन सम्पन्न भई प्रदेश सभा सदस्यले कार्यभार समाल्नु अघि पद तथा गोपनियताको सपथ पश्चात एक महिना भित्र आयोजना छनौट गरी सक्नु पर्नेछ।"

४. **<u>मूल नियमावलीको अनुसूची-१ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः-

अनुसूची-१

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

प्रदेश पूर्वाधार विकास कार्यक्रम

**कार्यक्रम कार्यान्वयन तालिका**

(जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने विवरण)

जिल्ला ........................ प्रदेश निर्वाचन क्षेत्र नं. ...........

| क्र.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने गा.पा./न.पा./वडा नं./टोल | लक्ष्यको एकाइ | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | लागत सहभागिताबाट व्यहोरिने रकम रु. . | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | स्थानीय तहबाट | गै.स.स. वा अन्य | जनसहभागिता | जम्मा | | |
| | | | | | | | | | | | | | |

**मन्त्रिपरिषदबाट स्वीकृत प्राप्त मितिः २०७६।०८।२३**

**आज्ञाले,**

**तेजराज भट्ट**

**सचिव, प्रदेश सरकार**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।

मूल्य रु.५।-